**अनुसूची २**

**(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)**

चुमनुब्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : १७ मिति : २०८३/०३/१७

**भाग-१**

# चुमनुब्री गाउँपालिका गाउँसभा १९ औ अधिवेशन मिति २०८३ असार १७ गतेका निर्णयहरू

**चुमनुब्री गाउँपालिका**
**सिर्दिवास, गोरखा**
**गण्डकी प्रदेश**

# चुमनुब्री गाउँपालिका गाउँसभा १९ औ अधिवेशन मिति २०८३ असार १७ गतेका निर्णयहरू

मिति २०८३।०३।१७ गतेको सभाका कार्यसूची तथा प्रस्तावहरू

१. खर्च अनुमोदन सम्बन्धमा।
२. आ.व.२०८३।८४ को बजेट तथा कार्यक्रम सम्बन्धमा।
३. करार सम्झौता सम्बन्धमा।
४. सार्वजनिक लेखा समितिको प्रतिवेदन तथा बेरूजू फर्छौट सम्बन्धमा।
५. ऐन, नीति, नियमावली, कार्यविधि तथा निर्देशिका सम्बन्धमा।
६. कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा।
७. निर्णय अनुमोदन सम्बन्धमा।
८. बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्ययोजना सम्बन्धमा।
९. न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा।
१०. विविध।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिकाकाो आर्थिक वर्ष २०८२।८३ मा भएको चालू तथा पुँजिगत लगायत सम्पुर्ण खर्चहरूको भुक्तानीलाई सर्वसम्मतले अनुमोदन गर्ने।

२. मिति २०८३।०३।०८ को कार्यपालिका निर्णयबाट स्विकृत भई यस सभामा पेश भएका चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को बार्षिक बजेट (राजश्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान, बजेटको आकारमा:चालु तर्फ कुल २९ करोड २२ लाख ३० हजार मात्र, पुँजीगत तर्फ १८ करोड २१ लाख गरी कुल ४७ करोड ४३ लाख ३० हजार मात्रको), वार्षिक विकास कार्यक्रम, मध्यकालिन खर्च संरचना, आर्थिक विधयेक २०८३ र विनियोजन विधयेक २०८३ लाई सर्वसम्मतले अनुमोदन गर्ने।

३. चुमनुब्री गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरू, स्वास्थ्य चौकीहरूमा हाल करार सेवामा कार्यरत कर्मचारीहरूको कार्यसम्पादन मुल्यांकनको आधारमा पालिकाको आन्तरिक स्रोत तथा प्राप्त हुने अनुदानको आकारलाई मध्येनजर गर्दै आर्थिक वर्ष २०८३।८४ को लागि करार अवधि थप गर्ने सम्बन्धमा तपसिल बमोजिम गर्ने।

| सि नं | नामथर | पद/श्रेणी/तह | कार्यरत शाखा | करार सेवा नविकरण | कै |
|---|---|---|---|---|---|
| १ | लक्ष्मण गुरूङ | रोजगार संयोजक / सहायक पाँचौ | रोजगार सेवा केन्द्र | गर्ने | |
| २ | कुसुम गरूङ | MIS Operator/ सहायक पाँचौ | MIS शाखा | गर्ने | |
| ३ | सुजता गुरूङ | फिल्ड सहायक/सहायक चौथो | MIS शाखा | गर्ने | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | दिपक साउथ | अ हे ब | स्वास्थ्य शाखा वा अन्तर्गत | गर्ने | स्थायी पदपुर्ति नभएसम्म |
| ५ | लक्ष्मण कार्की | अ हे ब | स्वास्थ्य शाखा वा अन्तर्गत | गर्ने | स्थायी पदपुर्ति नभएसम्म |
| ६ | लाक्पा डोल्मा लामा | अ न मि | ल्हो स्वास्थ्य चौकी | गर्ने | स्थायी पदपुर्ति नभएसम्म |
| ७ | छिरिङ खान्डो लामा | अ न मि | विहि स्वास्थ्य चौकी | गर्ने | स्थायी पदपुर्ति नभएसम्म |
| ८ | पेमा ढिकि | अ न मि | छेकम्पार स्वास्थ्य चौकी | गर्ने | स्थायी पदपुर्ति नभएसम्म |
| ९ | रमेश गुरूङ | अ हे ब | सिर्दिवास स्वास्थ्य चौकी | गर्ने | स्थायी पदपुर्ति नभएसम्म |
| १० | छेतेन दिगि गुरूङ | अ हे ब | स्वास्थ्य शाखा वा अन्तर्गत | गर्ने | स्थायी पदपुर्ती नभएसम्म |
| ११ | सुरज गुरूङ | ल्याब असिस्टेन्ट | स्वास्थ्य शाखा वा अन्तर्गत | गर्ने | स्थायी पदपुर्ती नभएसम्म |
| १२ | जोशिका गुरूङ | अ न मि | स्वास्थ्य शाखा वा अन्तर्गत | गर्ने | स्थायी पदपुर्ती नभएसम्म |
| १३ | राज कुमार गुरूङ | ना प से प्रा, चौथो | पशु सेवा शाखा | | स्थायी पदपुर्ती नभएसम्म |
| १४ | लक्ष्मी गुरूङ | का स प्रथम स्तर | योजना शाखा वा अन्तर्गत | गर्ने | |
| १५ | डोल्मा युडेन लामा | का स प्रथम स्तर | विहि स्वास्थ्य चौकी | गर्ने | |
| १६ | छिरिङ डुन्डुप लामा | का स प्रथम स्तर | वडा नं २ कार्यालय | गर्ने | |
| १७ | छिरिङ छोमो लामा | का स प्रथम स्तर | ल्हो स्वास्थ्य चौकी | गर्ने | |
| १८ | लोप्साङ छिरिङ लामा | का स प्रथम स्तर | वडा नं ७ कार्यालय | गर्ने | |
| १९ | लोप्साङ लामा | का स प्रथम स्तर | वडा नं ६ कार्यालय | गर्ने | |
| २० | छिरिङ डोल्मा लामा | का स प्रथम स्तर | वडा नं ४ कार्यालय | गर्ने | |
| २१ | कान्छा गुरुङ | का स प्रथम स्तर | वडा नं ३ कार्यालय | गर्ने | |
| २२ | धन प्रसाद गुरूङ | का स प्रथम स्तर | वडा नं ३ कार्यालय | गर्ने | |
| २३ | छिरिङ ल्हामु गुरूङ | का स प्रथम स्तर | वडा नं ५ कार्यालय | गर्ने | |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | संगिता लिम्बु | का स प्रथम स्तर | आर्थिक प्रशासन शाखा | गर्ने | |
| २५ | सोनी गुरूङ | का स प्रथम स्तर | सिर्दिवास स्वास्थ्य चौकी | गर्ने | |
| २६ | सुपना गुरूङ | का स प्रथम स्तर | स्वास्थ्य शाखा | गर्ने | |
| २७ | सुमन गुरूङ | अ स ई/सहायक चौथो | वडा नं २ कार्यालय | गर्ने | स्थायी पदपुर्ती नभएसम्म |
| २८ | रमेश ओड | सहायक चौथो | उद्यम विकास शाखा | गर्ने | |
| २९ | पुष्कर प्रकाश टमाटा | सहायक चौथो | उद्यम विकास शाखा | गर्ने | |
| ३० | काजी घले | पर्यटन शुल्क संकलनकर्ता | अध्यक्षको सचिवालय | गर्ने | |
| ३१ | तुलविर गुरूङ | ह स चा | एम्बुलेन्स चालक | गर्ने | |
| ३२ | रोशन सुनार | हे स चा | ऐक्साभेटर चालक | गर्ने | |
| ३३ | प्रेरणा गुरूङ | पर्यटन शुल्क संकलनकर्ता | पर्यटन शुल्क संकलन केन्द्र जगत | गर्ने | |
| ३४ | स्मृति गुरूङ | पोषण सहजकर्ता | स्वास्थ्य शाखा | गर्ने | |
| ३५ | ललिता गुरूङ | का स | प्रशासन शाखा वा अन्तर्गत | गर्ने | |
| ३६ | अंकेश प्रसाद यादव | अ हे व | लोक्पा सामुदायिक स्वास्थ्य ईकाई | गर्ने | स्थायी पदपुर्ति नभएसम्म |
| ३७ | सुनिता विष्ट | अ न मि | लार्के बजार स्वास्थ्य चौकी | गर्ने | स्थायी पदपुर्ति नभएसम्म |
| ३८ | मधु कुमारी चौधरी | अ हे ब | सामागाउँ स्वास्थ्य चौकी | गर्ने | स्थायी पदरपुर्ति नभएसम्म |
| ३९ | सोनी गुरूङ | अ न मि | पाङसिङ सामुदायिक स्वास्थ्य ईकाई | गर्ने | स्थायी पदरपुर्ति नभएसम्म |
| ४० | प्रिती गुरूङ | अ हे ब | सिर्दिवास स्वास्थ्य चौकी | गर्ने | स्थायी पदरपुर्ति नभएसम्म |
| ४१ | सुजा गुरूङ | अ न मि | सिर्दिवास स्वास्थ्य चौकी | गर्ने | स्थायी पदपुर्ति नभएसम्म |
| ४२ | गिरिजा प्रसाद भट्टराई | अ हे ब | चुम्चेत स्वास्थ्य चौकी | गर्ने | स्थायी पदपुर्ति नभएसम्म |
| ४३ | बिरेन्द्र बुढा | अ हे ब | स्यो सामुदायिक स्वास्थ्य ईकाई | गर्ने | स्थायी पदपुर्ति नभएसम्म |
| ४४ | सुमित्रा गुरूङ | अ हे ब | पाङसिङ सामुदायिक | गर्ने | स्थायी पदपुर्ति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | स्वास्थ्य ईकाई | | नभएसम्म |
| ४५ | मंजय कुमार यादव | अ हे ब | लार सामुदायिक स्वास्थ्य ईकाई | गर्ने | स्थायी पदपुर्ति नभएसम्म |
| ४६ | कल्पना सिंह | अ न मि | चुम्चेत स्वास्थ्य चौकी | गर्ने | स्थायी पदपुर्ति नभएसम्म |
| ४७ | छिरिङ धार्के लामा | हे अ | सामागाउँ स्वास्थ्य चौकी | गर्ने | स्थायी पदपुर्ति नभएसम्म |
| ४८ | जस बहादुर गुरूङ | हे अ | चुम्चेत स्वास्थ्य चौकी | गर्ने | स्थायी पदपुर्ति नभएसम्म |
| ४९ | तेन्जिन दोर्जे लामा | का स प्रथम स्तर | वडा नं १ कार्यालय | गर्ने | |

४. चुमनुब्री गाउँपालिकाको आ व २०८१।८२ को लेखापरिक्षण प्रतिवेदन अनुसार दफा ३० सँग सम्बन्धीत, आ व २०८०।८१ को लेखापरिक्षण प्रतिवेदन अनुसार दफा ५४ सँग सम्बन्धीत, आ व २०७८।७९ को लेखापरिक्षण प्रतिवेदन अनुसार दफा ३२,३३ र ४३ सँग सम्बन्धीत र आ व २०७७।७८ को लेखापरिक्षण प्रतिवेदन अनुसार दफा १४,२०,२४,२५, ३१ र ३२ सँग सम्बन्धीत नियमित गर्नु पर्ने बेरूजू सम्बन्धमा चुमनुब्री गाउँपालिका सार्वजनिक लेखा समितिको मिति २०८३ असार १६ गतेको निर्णय तथा चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकको मिति २०८३ असार १७ गतेको निर्णय बमोजिम नियमित गर्नुपर्ने बेरूजू रकम रू ९२,१९,६१०।०० (अक्षेरेपी बयानब्बे लाख उन्नाईस हजार छ सय दश रूपैंया मात्र) नियमत गर्नका लागि पेश हुँदा तपसिल बमोजिम हुने गरी निर्णय गरियो ।

**क.** आ व २०८१।८२ को चुमनुब्री गाउँपालिकाको लेखापरिक्षण प्रतिवेदन अनुसार दफा ३० सँग सम्बन्धीत नियमित गर्नु पर्ने बेरूजू सम्बन्धमा तपसिल बमोजिम रू १५,७४,३६३.०० मात्र अनियमित देखिएकोमा

३० **उपभोक्ता समितीमार्फत खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। उपभोक्ता समितिले गर्ने कार्य लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। कार्यालयले उल्लिखित आयोजनाहरुको निर्माण गर्दा उपभोक्ता समिति गठन गरी कार्य गराइ कार्य सम्पन्न गरेको पाईयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत कार्य गराउनु अनियमित देखिएको रु

| गो.भौ.न।मिति | उपभोक्ता समितीको नाम | भुक्तानी भएको रकम |
|---|---|---|
| १७८।२०८२।३।१८ | चुम्लिङ गाउँघर स्वास्थ्य क्लिनिक फर्निचर व्यवस्थापन | १५३९७९ |
| १८९।२०८२।३।१८ | ल्हो आमा समुह भवन फर्निचर व्यवस्थापन | ११६४०० |
| १९१।२०८२।३।१८ | सामागाउँ आमा समुह भवन फर्निचर व्यवस्थापन | १९०२६९ |
| १९५।२०८२।३।१९ | मानेखाङ गुम्बा फर्निचर व्यवस्थापन योजना | ९६३६८४ |
| २१५।२०८२।३।२० | पाङ्गसिङ्ग विद्यालय फर्निचर व्यवस्थापन | १५००३१ |
| जम्मा | | १५७४३६३ |

| | |
|---|---|
| अनियमित भएको | १५,७४,३६३ |

प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्थालाई मध्येनजर गर्दै उपरोक्त पाँच वटा योजना सञ्चालन के कसरी भएको हो भनी तत्कालिन प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा प्रमुख, प्राविधिक शाखा प्रमुख तथा सम्बन्धीत वडाका वडा अध्यक्षलाई सोधपुछ गर्दा उल्लेखित योजनाहरू मालसामान खरिदसँग सम्बन्धीत कार्य होईनन, योजनाको नामसँग फर्निचर जोडिएको हुँदा दुविधा उत्पन्न भएको हो, माथि उल्लेखित योजनाबाट सम्बन्धीत भवन तथा गुम्बाहरूमा झ्याल ढोका निर्माण तथा मर्मत, भवन भित्र गारो तथा भुईमा काठको फ्ल्याक छाप्ने कार्य भएको हो, माथि उल्लेखित योजनाहरू पूर्ण रूपमा निर्माण कार्यसँग सम्बन्धीत हुन, मालसामान खरिद सम्बन्धी कार्य गाउँपालिकाबाट नियमानुसार हुने गरेको र हस्तान्तरण गरी नै वितरण गरिने गरिएको भनी जवाफ समेत प्राप्त भएको, प्रमाण जाँच गर्दा उक्त कार्यको लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदन, योजना सम्पन्न फाईलका तस्बिरहरूबाट समेत निर्माण कार्य भएको पुष्टि हुने हुँदा उपभोक्ता समितिबाट मालसामान खरिद भएको देखिन आएन, नियमानुसार उपभोक्ता समितिबाट नै निर्माण सम्बन्धी कार्य गर्न सकिने व्यवस्था भएकोले अत: आगामी दिनमा समान प्रकारका योजना तथा कार्यक्रममा यस किसिमका कैफियत नआउने गरी सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुनको पूर्णपालना गर्ने प्रतिबद्धतासहित आ व २०८१।८२ को लेखा परिक्षण प्रतिवेदनको दफा ३० को उपभोक्ता समिति मार्फत खरिद शिर्षकमा जनिएको रू १५,७४,३६३.०० मात्र बेरूजू नियमित गरी सम्परिक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा लेखि पठाउने।

**ख.** आ व २०८०।८१ को चुमनुब्री गाउँपालिकाको लेखापरिक्षण प्रतिवेदन अनुसार दफा ५४ सँग सम्बन्धीत नियमित गर्नु पर्ने बेरूजू सम्बन्धमा तपसिल बमोजिम रू २,४६,७००.०० मात्र अनियमित देखिएकोमा

५४ **खरिद भन्दा बढी दरमा भुक्तानी :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका उपभोक्ता समितिलाई सिमेन्टको रकम भुक्तानी लिन पेस गरेको बिल भरपाई तथा कार्यबिलको परीक्षण गर्दा खरिद गरेको सिमेन्टको विजकमा उल्लेख गरेको दरभन्दा बढी दर राखी भुक्तानी दिएकोले रू.२४६७००।- असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

Page 26 of 33

| भौ.नं./मिति | कार्यक्रम/योजना | परिमाण/इकाई | भुक्तानी दर (जिल्ला दररेट) | भुक्तानी हुनुपर्ने (विजक दर) | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| ३४/२०८०।११।१८ | सान्दुक छोलिङ गुम्बा भवन निर्माण कार्य | १४१४ बोरा | ४२६ | ३३० | ११८०९७ | २०८०।८१ |
| १९/२०८०।०९।१६ | वडा कार्यालय आंगन निर्माण कार्य | ५० बोरा | ४३८ | ३७० | ३४०० | २०७९।८० |
| ३२/२०८०।११।१७ | पुङ्चे गुम्बा (हिनाङ) निर्माण कार्य | १०५५ बोरा | ४२६ | ३३० | ८८११४ | २०८०।८१ |
| १३२/२०८१।०३।१४ | चिफू गुम्बा निर्माण कार्य | ५०० बोरा | ४२६ | ४०५ | ९१३५ | २०८०।८१ |
| १७२/२०८१।०३।२३ | बुद्ध मा वि मर्मत कार्य | २३८ बोरा | ७१० | ६५० | १२४२४ | २०८०।८१ |
| १७८/२०८१।०३।२३ | पाङसिङ विद्यालय भवन निर्माण कार्य | ८५० बोरा | ४२६ | ४०५ | १५५३० | २०८०।८१ |
| जम्मा | | | | | २४६७०० | |

प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्थालाई मध्येनजर गर्दै उपरोक्त ६ वटा योजना सञ्चालन के कसरी भएको हो भनी तत्कालिन प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा प्रमुख, प्राविधिक शाखा प्रमुख तथा सम्बन्धीत वडाका वडा अध्यक्षलाई सोधपुछ गर्दा जिल्ला दररेटकै आधारमा कार्यसम्पन्न प्रतिवेदन बनाई भुक्तानी दिईएको, समितिले कम दरको भ्याट बिल पेशको हुँदा त्रुटी हुन गएको हो भनी जवाफ प्राप्त भएको हुँदा अत: आगामी दिनमा समान प्रकारका योजना तथा कार्यक्रममा यस किसिमका त्रुटी तथा कैफियत नआउने गरी सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुनको पूर्णपालना गर्ने प्रतिबद्धतासहित आ व २०८०।८१ को लेखा परिक्षण प्रतिवेदनको दफा ५४ को खरिद भन्दा बढि दरमा भुक्तानी शिर्षकमा जनिएको रू २,४६,७००.०० मात्र बेरूजू नियमित गरी सम्परिक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा लेखि पठाउने।

**ग.** आ व २०७८।७९ को चुमनुब्री गाउँपालिका लेखापरिक्षण प्रतिवेदन अनुसार दफा ३२ तालिम सञ्चालन शिर्षकमा सार्वजनिक खरिद नियमावलीको नियम ९९ मा गैरसरकारी सँस्थावाट कार्य गराँउदा त्यस्तो कामको आवश्यकता किसिम समयावधि कामको गुणस्तर तथा लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको र ९९मा (२) गैरसरकारी सस्थाबाट काम गराउँदा नियम १८ वमोजिम मौजुदा सुचिमा समावेश भएका गैरसरकारी सस्थालाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रिय स्तर तथा स्थानीयस्तरको दैनिक समाचारमत्रमा सुचना प्रकाशन गरी सो सस्थावाट प्रस्ताव माग गरी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस बर्ष इलोक्ट्रोनिक्स तालिम सञ्चालन गरी हिमालय माउण्ट एभरेष्ट टावरलाई रु ५०००००।०० भुक्तानी गरेको छ .। गैरसरकारी सस्थावाट कार्य गरेकोमा सुचना प्रकाशन नगरी एवम् सम्वन्धित कार्यको नर्म्स वमोजिम लागत अनुमान तयार नगरी गैरसरकारी सस्थाकै लागत अनुमानलाई मुल्यांकनको आधार वनाई कम लागत भएकालाई कार्य गराएको देखिन्छ।यसरी तालिमको नर्म्स अनुसार लागत अनुमान नगराई तथा सुचना प्रकाशन नगरी प्रतिशपर्धा सिमित हुने गरी खर्च गराएको रकम अनियमित देखिएको रु. ५०००००।०० भन्ने बेहोरा उल्लेख छ। अत: आगामी दिनमा समान प्रकारका योजना तथा कार्यक्रम सञ्चालन गर्दा यस किसिमका त्रुटी तथा कैफियत नआउने गरी सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुनको पूर्णपालना गर्ने प्रतिबद्धतासहित आ व २०७८।७९ को लेखा परिक्षण प्रतिवेदनको दफा ३२ को तालिम सञ्चालन शिर्षकमा जनिएको रू ५,००,०००.०० मात्र बेरूजू नियमित गरी सम्परिक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा लेखि पठाउने।

**घ.** आ व २०७८।७० को चुमनुब्री गाउँपालिका लेखापरिक्षण प्रतिवेदन अनुसार दफा ४३ प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि निर्माण सामग्री खरीद शिर्षकमा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यविधि (सञ्चालन तथा व्यवस्थापन),२०७६ को दफा ७(ग) मा निर्माण सामग्री खरिद गर्दा आयोजनाको कुल अनुमानित लागतको अधिकतम २५ प्रतिशत मात्र खरिद गर्न पाउने व्यवस्था रहेको छ।पालिकाले गो भौ न ८७,२०७९।०३।२०मा सिर्दिबासको फ्राक्पादेखि फिलिम गुम्बा जाने बाटो निर्माणका लागि कुल लागत रु.२१,१३,४७६।०० मध्ये निर्माण सामग्री खरिद चुमनुब्री कन्स्ट्रकसन एण्ड मल्टिसप्लायर्स प्रा. लि. बाट रु. १०,१८,३५६।०० को सिमेन्ट, रेलिङ पाइप, रड आदि खरिद गरेकोले २५ प्रतिशत भन्दा बढी रकम अनियमित देखिएको रु ४,८९,९८७.०० भन्ने बेहोरा उल्लेख छ। अत: आगामी दिनमा समान प्रकारका योजना तथा कार्यक्रम सञ्चालन गर्दा यस किसिमका त्रुटी तथा कैफियत नआउने गरी सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुनको पूर्णपालना गर्ने प्रतिबद्धतासहित आ व २०७८।७९ को लेखा परिक्षण प्रतिवेदनको दफा ४३ को प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि निर्माण सामग्री खरीद शिर्षकमा जनिएको रु ४,८९,९८७.०० मात्र बेरूजू नियमित गरी सम्परिक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा लेखि पठाउने।

**ङ.** आ व २०७८।७० को चुमनुब्री गाउँपालिका लेखापरिक्षण प्रतिवेदन अनुसार दफा ३३ खरिदमा ओभरहेड भुक्तानी शिर्षकमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान सम्वन्धी व्यवस्था गरिएको छ । सोहि व्यवस्था अनुसार निर्माण कार्यमा मात्र ओभरहेड राखि लागत अनुमान तयार गर्नुपर्नेमा गर्नुपर्नेमा कार्यालयले झोलुङ्गेपुल निर्माणको लागि स्टिल पार्टस खरिद कार्यको लागत अनुमान देखि भुक्तानी सम्म १५ प्रतिशत ओभरहेड समावेश गरी दर विश्लेषण गरी भौ नं ४ वाट एस के इन्जिनियरिङ इण्ड्रष्ट्रिज प्रा लि लाई स्टिल पार्टस वापतको रकम रु.१६९७४२७।०० मा १५ प्रतिशत ओभरहेड रु.२२१४०३।०० समेत भुक्तानी गरेकोले मालसामान खरिदमा भुक्तानी भएको ओभरहेड रकम मु अ कर सहित असूल गर्नुपर्ने रु २,५०,१८५.०० भन्ने बेहोरा उल्लेख छ । यस सम्बन्धमा चुमनुब्री गाउँ कार्यपालिकाको कार्यालयले मिति २०८०।१२।३०, च नं ५४२ को पत्रबाट स्थानीय पूर्वाधार विभागमा झोलुंगे पुलको स्टिल पार्ट्स खरिदको लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड दिन मिल्ने/नमिल्ने विषयमा राय माग गरिएकोमा स्थानीय पूर्वाधार विभागको च नं ३४७, मिति २०८१।०२।०८ को राय पठाईएको पत्रानुसार Procurement of steel parts को कार्यमा Short Span Trail Bridge Standards Technical Handbook अनुसार Fabricated Steel parts खरिदमा १५ प्रतिशत ओभरहेड दिन उचित हुने र दिन मिल्ने राय प्राप्त भएको हुँदा अत: आगामी दिनमा समान प्रकारका योजना तथा कार्यक्रम सञ्चालन गर्दा यस किसिमका त्रुटी तथा कैफियत नआउने गरी सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुनको पूर्णपालना गर्ने प्रतिबद्धतासहित आ व २०७८।७९ को लेखा परिक्षण प्रतिवेदनको दफा ३३ को खरिदमा ओभरहेड भुक्तानी शिर्षकमा असुल उपर गर्नु पर्ने भनी जनिएको रु २,५०,१८५.०० मात्र बेरूजू स्विकृत विभागीय नर्म्स अनुसार नै ओभरहेड रकम भुक्तानी भएको हुँदा उक्त रकम असुल उपर गर्नु नपर्ने देखिएको हुँदा नियमित गरी सम्परिक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा लेखि पठाउने ।

**च.** आ व २०७७।७८ को चुमनुब्री गाउँपालिका लेखापरिक्षण प्रतिवेदन अनुसार दफा १४ शिक्षा तर्फ शिर्षकमा सामुदायीक परिचालक पारिश्रमिक कार्यक्रम कार्यान्वयन पुस्तिका आ७ अनुसार नियमित रुपमा .७८ को ६/२०७७ .व. चलेका सामुदायीक सिकाई केन्द्रको व्यवस्थापन समितिले गरेको सिफारिसको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायीक परिचालकको रकम अन ुदान दिन सकिने व्यवस्था छ । बौद्ध मनासलु सामुदायिक सिकाई केन्द्रको सामुदायीक परिचालक मनकुमारी गुरुङको आ व २०७६।७७ र २०७७।७८ को पारिश्रमिक रु ६२०० का दरले २४ महिनाको रु १,४८,८००.०० व्यवस्थापन समितिले गरेको सिफारिसको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदन तथा हाजिरी प्रमाण वेगर भुक्तानी गरिएको छ । गतवर्षको भुक्तानी दिन वाँकी पारिश्रमिक भुक्तानी दिन वाँकी कच्चावरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरेको छैन । भुक्तानी दिन वाँकीको कच्चावरी प्रमाणित नगरी र सामुदायीक परिचालक छनौट गरेको व्यवस्थापन समितिको निर्णय, स्थलगत निरीक्षण र हाजिरी प्रमाण वेगर गरिएको खर्च नियमसम्मत नदेखिएको रु. १४८८००.०० भन्ने बेहोरा उल्लेख छ । विकट भुगोल तथा प्रतिकुल मौसमी अवस्थाका कारण समयमा व्यवस्थापन समितिको बैठक बस्न नसकिएको तथा हाजिरी श्रेस्ता शिक्षा युवा तथा खेलकुद शाखामा रहेको तथापी आर्थिक प्रशासन शाखामा भुक्तानीको समयमा पेश नभएको हुँदा अत: आगामी दिनमा समान प्रकारका योजना तथा कार्यक्रम सञ्चालन गर्दा यस किसिमका त्रुटी तथा कैफियत नआउने गरी सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुनको पूर्णपालना गर्ने प्रतिबद्धतासहित आ व २०७७।७८ को लेखा परिक्षण प्रतिवेदनको दफा १४ को शिक्षा तर्फ शिर्षकमा जनिएको रु १,४८,८००.०० मात्र नियमित गरी सम्परिक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा लेखि पठाउने ।

**छ.** आ व २०७७।७८ को चुमनुब्री गाउँपालिका लेखापरिक्षण प्रतिवेदन अनुसार दफा २० शिक्षक तलबभत्ता शिर्षकमा विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को कार्यक्रम कार्यान्वयन मार्गदर्शन सि (क) ४ .नं . मा एउटा सब बजेट उपशिर्षकमा विनियोजन भएको रकम अर्को सब बजेट उपशिर्षकमा खर्च नगर्ने स्वीकृत नर्म्सको परिधिभित्र रहेर कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरिएका आधार र प्रक्रिया अनुरुप खर्च लेख्नुपर्ने व्यवस्था छ । तपसिलको शिर्षकमा निकासा भएको रकम आधारभुत तहका स्वीकृत दरबन्दीका शिक्षक राहत,अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान, विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक कर्मचारीहरु शिर्षकमा रु९५.,७५,१७१०० खर्च . गरिएको छ । फरक शिर्षकमा खर्च गर्न पर्नाको कारण उल्लेख गरी २०७८।३।३० मा निर्णय गरेर शिक्षा तथा मानव विकास केन्द्र, सानोठिमी, भक्तपुरलाई च९७९ मितिः२०७८।३।३० मा खर्च समर्थनको लागी पत्र पठाएको देखिन्छ .नं. । पालिकाले खर्च समर्थनको लागी पत्र पठाएको भएता पनि उक्त खर्च शिक्षा तथा मानव विकास केन्द्र, सानोठिमीबाट समर्थन गरेको देखिदैन । यसरी खर्च स्वीकृत वा समर्थन नगरी फरक खर्च शिर्षकबाट खर्च गर्नु नियमसम्मत नदेखिएको रू ३७,२३,०५८.०० (प्रारम्भिक वालविकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान रू १५,७९,६००.००/ विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान रू १०,०८,०००.००/ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान रू ११,३५,४५८ गरी) भन्ने बेहोरा उल्लेख छ । सो सम्बन्धमा तत्कालिन शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारी, आर्थिक प्रशासन शाखाका कर्मचारीहरूलाई सोधपुछ गर्दा आ व को अन्त्यमा उल्लेखित अलग अलग शिर्षकमा संघबाट बजेट थप भई नआएको, सिर्जना भएको अनिवार्य तलबभत्ताको दायित्व भुक्तानी गर्नु पर्ने कारणबाट भएको भन्ने जवाफ प्राप्त भएको अत: आगामी दिनमा समान प्रकारका कार्यक्रम सञ्चालन गर्दा यस किसिमका त्रुटी तथा कैफियत नआउने गरी सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुनको पूर्णपालना गर्ने प्रतिबद्धतासहित आ व २०७७।७८ को लेखा परिक्षण प्रतिवेदनको दफा २० को शिक्षक तलबभत्ता शिर्षकमा जनिएको रू ३७,२३,०५८.०० मात्र बेरूजू नियमित गरी सम्परिक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा लेखि पठाउने ।

**ज.** आ व २०७७।७८ को चुमनुब्री गाउँपालिका लेखापरिक्षण प्रतिवेदन अनुसार दफा २४ सोझै खरिद शिर्षकमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने र रु.५ लाखभन्दा माथि रु२० . लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरेको नियम सम्वत नदेखिएको रु. १५,०५,५१७.०० भन्ने बेहोरा उल्लेख छ । सो सम्बन्धमा के कसो भएको हो भनी तत्कालिन जिन्सी शाखा प्रमुखलाई सोधपुछ गर्दा चुमनुब्री गाउँपालिका सडक सञ्जालमा नजोडिएको, कार्यालयमा भण्डार गर्ने कक्ष उपलब्ध नभएको, कार्यालयको आफ्नै भवन समेत नरहेको, छरिएर रहेका शाखाहरूलाई सामान उपलब्ध गराउनु पर्ने हुँदा आ व को सुरूमै सबै कर्मचारी तथा कार्यालयबाट जिन्सी सामान माग फाराम उपलब्ध नभएको हुँदा एउटै प्याकेजमा खरिद गर्न नसकिएको, आवश्यकता अनुसार खरिद गर्दा टुक्रै तथा सोझै खरिद हुन गएको, उक्त आ व पछि सोझै खरिद नियमावलीको सीमाभित्र रहि मात्र गरिएको भन्ने समेतको जवाफ प्राप्त भएको हुँदा अत: आगामी दिनमा समान प्रकारका कार्यक्रम सञ्चालन गर्दा यस किसिमका त्रुटी तथा

कैफियत नआउने गरी सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुनको पूर्णपालना गर्ने प्रतिबद्धतासहित आ व २०७७।७८ को लेखा परिक्षण प्रतिवेदनको दफा २४ को सोझै खरिद शिर्षकमा जनिएको रू १५,०५,५१७.०० मात्र बेरूजू नियमित गरी सम्परिक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा लेखि पठाउने ।

**झ.** आ व २०७७।७८ को चुमनुब्री गाउँपालिका लेखापरिक्षण प्रतिवेदन अनुसार दफा २५ लागत अनुमान शिर्षकमा लागत अनुमान सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ मा अन्य सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले कुन कामको लागि कति दिन, कति समय, कति परीमाण चाहिने हो उल्लेख नगरी लागत अनुमान तयार नै नगरी सोझै कार्य गराएको छ । ७५ जनालाई फर्निचर ढुवानी गरे वापत १८ कोष दुरीको रु.८००० का दरले रु.६००००००.०० र माछाखोलासम्म गाँडीमा ढुवानी गरेवापत रु.६०००००० . .गरी जम्मा रु६६०००० ०० जिन्सी शाखा प्रमुखलाई भुक्तानी गरिएको छ । उक्त फर्निचर कति कोष दुरीबाट ढुवानी हुने. हो र कति केपरिमाण हो उल्लेख गरिएको छैन । जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गरेर स्वीकृत .जी. लागत अनुमानको आधारमा खर्च गर्नुपर्नेमा हचुवाको आधारमा खर्च गरेको देखियो । यसरी लागत अनुमान नै तयार ६ .नगरी गरिएको खर्च नियमसम्मत नदेखिएको रु,६०,००००००. भन्ने बेहोरा उल्लेख छ । सो सम्बन्धमा के कसो भएको हो भनी तत्कालिन जिन्सी शाखा प्रमुख तथा आर्थिक प्रशासन शाखा प्रमुखलाई सोधपुछ गर्दा गोरखा बजारबाट कार्यालयलाई आवश्यक पर्ने फर्निचर सामाग्रीहरू माछाखोला सम्म गाडीमा ढुवानी तथा तहाँ बाट चुमनुब्री गाउँपालिका वडा नं ३ फिलिम सम्म मानिसबाट ढुवानी गराउँदा रकम खर्च भएको हो । सडक नभएको तथा वर्षाको समयमा ढुवानी गराउँदा रकम भुक्तानी भएको हो भन्ने समेतको जवाफ प्राप्त भएको हुँदा अत: आगामी दिनमा समान प्रकारका कार्यक्रम सञ्चालन गर्दा यस किसिमका त्रुटी तथा कैफियत नआउने, जिल्ला दररेट अनुसार लागत अनुमान तयारी गरी प्रतिस्पर्धात्मक विधिबाट सेवा प्रदायक छनौट गरी सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुनको पूर्णपालना गर्ने प्रतिबद्धतासहित आ व २०७७।७८ को लेखा परिक्षण प्रतिवेदनको दफा २४ को सोझै खरिद शिर्षकमा जनिएको रू ६,६०,००० ००.मात्र बेरूजू नियमित गरी सम्परिक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा लेखि पठाउने ।

**ञ.** आ व २०७७।७८ को चुमनुब्री गाउँपालिका लेखापरिक्षण प्रतिवेदन अनुसार दफा ३१ सार्वजनिक सुनुवाई शिर्षकमा कार्यालयले खर्च गर्दा खर्च गर्ने मापदण्ड तयार गरी स्वीकृत मापदण्डको आधारमा खर्च गर्नुपर्दछ । कार्यालयले ७ वटा वडामा सार्वजनिक सुनुवाइ कार्यक्रम सन्चालन गर्न बलराम पाठकलाइ पेश्की दिइ भौ नं १६९ मिति २०७८।०२।२३ वाट रु ४५६१५० खर्च गरेको छ। सार्वजनिक सुनुवाइ भएपछि उक्त सुनुवाइवाट सहभागिले राखेको जिज्ञासा, प्रश्नोत्तर, गुनासा तथा सुझावहरु लिपिवद्ध गरी प्रतिवेदन तयार गर्नुपर्नेमा यस्तो प्रतिवेदन तयार गरेको छैन । जसले गर्दा कार्यक्रमको उपादेयता तथा खर्चको उपलव्धी निष्कर्ष विहिन देखिन पुगेको छ। कर्मचारी तथा जनप्रतिनिधिहरुलाइ सातवटा कार्यक्रकको रु५९५०० भत्ता दिएको छ। सार्वजनिक सुन.ुवाइ एक नियमित प्रकृतिको कार्य भएको अवस्थामा कर्मचारी तथा जनप्रतिनिधिलाइ भत्ता दिन मिल्ने कानुनी व्यवस्था नभएकोमा भत्ता उपलव्ध गराउनु नियमसंगत नदेखिएको रु५९ .,५००००. भन्ने बेहोरा उल्लेख छ । सो सम्बन्धमा के कसो भएको हो भनी बलराम पाठकसँग सोधपुछ गर्दा सम्बन्धीत वडा कार्यालयमा कार्यक्रम सञ्चालन गर्दा सोही वडाका जनप्रतिनिधिहरूलाई सहभागी स्वरूप कार्यक्रम

उपस्थिती भत्ता दिईएको हो कर कट्टी समेत भएको छ भन्ने समेतको जवाफ प्राप्त भएको हुँदा अत: आगामी दिनमा समान प्रकारका कार्यक्रम सञ्चालन गर्दा यस किसिमका त्रुटी तथा कैफियत नआउने गरी सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुनको पूर्णपालना गर्ने प्रतिबद्धतासहित आ व २०७७।७८ को लेखा परिक्षण प्रतिवेदनको दफा ३१ को सार्वजनिक सुनुवाई शिर्षकमा जनिएको रु५९ .,५०० ००.मात्र बेरूजू नियमित गरी सम्परिक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा लेखि पठाउने।

**ट.** आ व २०७७।७८ को चुमनुब्री गाउँपालिका लेखापरिक्षण प्रतिवेदन अनुसार दफा ३२ फरक शिर्षकमा खर्च शिर्षकमा एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ। स्वीकृत कार्यक्रम फर्निचर तथा फिक्सचर्समा विनियोजन भएको रकम वडा नं४ प्रशासनिक भवन मर्मत कार्यको . खर्च गरिएको देखियो। लागत अनुमान पनि स्वीकृत नगरी खर्च गरिएको छ। स्वीकृत भएको कार्यक्रम भन्दा फरक .शिर्षकमा खर्च गरिएको रु६१३५० .०० नियमसम्मत नदेखिएको रु.६१,५००००. भन्ने बेहोरा उल्लेख छ। सो सम्बन्धमा के कसो भएको हो भनी तत्काली योजना शाखा तथा प्राविधिक शाखामा कार्यरत कर्मचारीहरूलाई सोधपुछ गर्दा उक्त वडा नं ४ को कार्यालयको फर्निचर सम्बन्धी मर्मत भएको भन्ने समेतको जवाफ प्राप्त भएको हुँदा अत: आगामी दिनमा समान प्रकारका कार्यक्रम सञ्चालन गर्दा यस किसिमका त्रुटी तथा कैफियत नआउने गरी सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुनको पूर्णपालना गर्ने प्रतिबद्धतासहित आ व २०७७।७८ को लेखा परिक्षण प्रतिवेदनको दफा ३२ को सार्वजनिक सुनुवाई शिर्षकमा जनिएको रु६१ .,५००००. मात्र बेरूजू नियमित गरी सम्परिक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा लेखि पठाउने।

५. आ.व.२०८२।८३ मा चुमनुब्री गाउँ कार्यपालिका निर्णय बाट स्विकृत भएका तपसिल बमोजिमका निर्देशिका, कार्यविधि तथा मापदण्डहरूलाई सर्वसम्मतले अनुमोदन गर्ने।

- क. चुमनुब्री गाउँपालिका कन्सुलर प्रमाणित कार्यविधि २०८३
- ख. चुमनुब्री गाउँपालिकाको सँस्थागत क्षमता विकास दीगो सुधार कार्ययोजना २०८२।८३
- ग. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८३
- घ. गाउँ सभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि २०८३
- ङ. चुमनुब्री गाउँपालिकाको बेरूजू फर्छौट कार्यविधि २०८३
- च. लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८३
- छ. चुमनुब्री गाउँपालिका श्याग्या परम्परा संरक्षण कार्यविधि २०८३
- ज. चुमनुब्री गाउँपालिका आम्ची (सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन कार्यविधि २०८३
- झ. चुमनुब्री गाउँपालिका सेराङ गुम्बा र श्रृङ्गी हिमाल संरक्षण कार्यविधि, २०८३
- ञ. चुमनुब्री गाउँपालिका लुङटाङ गुम्बा संरक्षण कार्यविधि, २०८३।
- ट. चुमनुब्री गाउँपालिकाको उपभोक्ता समितिमार्फत योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यसञ्चालन विधि, २०८३
- ठ. चुमनुब्री गाउँपालिकाको सोझै खरिद सम्बन्धी कार्यसञ्चालन विधि, २०८३

ङ. चुमनुब्री गाउँपालिका अवकाश कोष सम्बन्धी कार्यविधि २०८३

६. चुमनुब्री गाउँपालिकाको कार्यसम्पादन नियमित गर्न प्रचलित कानुनको अधिनमा रहि आ व २०८३।८४ को लागि यस सभालाई भएका तपशिलका अधिकारहरू गाउँ कार्यपालिकालाई प्रत्यायोजन गर्ने।

क. गाउँपालिकालाई प्राप्त हुने केन्द्रिय अनुदान लगायतका अन्य स्रोतहरू र सञ्चित कोष अन्तर्गतको पुँजीगत खर्च तथा कार्यक्रमहरूमा विनियोजित रकम अनुसार योजना छनौट, संशोधन एवं वार्षिक कार्यक्रम स्वीकृत गर्ने।

ख. गाउँपालिका अन्तर्गतका अन्य कार्यक्रम तथा आयोजनाहरूको कार्यक्रम संशोधन तथा परिमार्जन गर्ने।

ग. गाउँपालिका अन्तर्गत चालू र पुँजीगत खर्चको विनियोजित रकम सम्बन्धित क्षेत्र (Line Item) मा प्रदान गर्न स्वीकृत गर्ने।

घ. नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू बनाई स्विकृत गर्ने।

ङ. समपुरक कोष, विपद् व्यवस्थापन कोष, मर्मत सम्भार कोष, आकस्मिक कोष, कर्मचारी सेवा निवृत्त कोष तथा पछि थप हुने यस्तै प्रकृतिका अन्य कोषको समेत सञ्चालन तथा कार्यान्वयन गर्ने।

च. भैपरी चालु, भैपरी पुँजीगत, साझेदारी शिर्षकका खर्चमा योजना छनौट गरी कार्यान्वयन गर्ने।

छ. बहुक्षेत्रीण पोषण कार्यक्रमको पूर्ण कार्यान्वयन गर्ने/गराउने।

ज. युवा रोजगारी सिर्जना कार्यक्रममा योजना छनौट तथा कार्यान्वयन गर्ने।

७. चुमनुब्री गाउँपालिका कार्यपालिकाको बैठकबाट मिति २०८२ पौष १४ गते पछि हाल सम्म भएका सबै निर्णय सभाबाट अनुमोदन गर्ने।

८. चुमनुब्री गाउँपालिकामा संघीय सर्शत अनुदानबाट सञ्चालित बुहक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनका लागि आ व २०८३।८४ मा प्राप्त हुने बजेट तथा गाउँपालिका लागत साझेदारी सहितको बुहक्षेत्रीय पोषण कार्यक्रम कार्ययोजना २०८३।८४ स्विकृत गर्ने।

९. चुमनुब्री गाउँपालिका न्यायिक समितिले पेश गरेको वार्षिक प्रतिवेदन २०८२।८३ लाई स्विकृत गर्ने।

१०. चुमनुब्री गाउँपालिका गाउँसभाको १९ औं अधिवेशन सफल रूपमा सम्पन्न गराउन सहयोग पुर्याउने सम्पुर्ण सभाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पुर्ण कर्मचारीहरू, सम्पुर्ण राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, सञ्चारकर्मी, सुरक्षाकर्मी लगायत सम्पुर्ण गाउँपालिकाबासीमा हार्दिक धन्यवाद व्यक्त गर्दै गाउँसभाको १९ औं अधिवेशन अन्त्य गर्ने।

आज्ञाले
मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत